नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

आज मिति २०७५ साल कार्तिक ११ गतेका दिन मा. गृहमन्त्री राम बहादुर थापा 'बादल', मा. अर्थमन्त्री डा. युवराज खतिवडा र मा. महान्यायाधिवक्ता अग्निप्रसाद खरेल र गृहसचिव श्री प्रेम कुमार राईज्यू लगायत अन्य सम्बद्द पदाधिकारीहरुको समुपस्थितिमा नेपालका कारागारहरुको वर्तमान अवस्था र सुधारको लागि गरिनुपर्ने कार्यहरुको सम्बन्धमा गृह मन्त्रालयमा छलफल कार्यक्रमको आयोजना गरियो । छलफलको क्रममा कारागारहरुको भौतिक पूर्वाधार र अन्य विषयमा गरिनुपर्ने सुधारको सम्बन्धमा कारागार व्यवस्थापन विभागका महानिर्देशक श्री हरिप्रसाद मैनाली र भौतिक पूर्वाधारहरुको निर्माण सम्बन्धमा शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक श्री मणिराम गेलाल र पुनःनिर्माण प्राधिकरणबाट समेत प्रस्तुति भयो । छलफलको क्रममा गृह सचिवज्यूबाट निर्माणाधिन कारागार भवनहरुको निर्धारित समयपूर्व नै सम्पन्न गर्ने गरी कार्यारम्भ गर्न निर्देशन दिनुभयो । माननीय महान्यायाधिवक्ताज्यूबाट नयाँ लागू भएको मुलुकी संहिताका कारण कैदी बन्दीहरुको संख्या अझै थपिन सक्ने भई जटिल अवस्था सिर्जना हुन सक्ने हुँदा समयमै सरोकारवालाहरुले ध्यान दिनुपर्ने र कारागारहरुको भौतिक पूर्वाधार निर्माण लगायतका कार्यहरुमा थप तीव्रता दिनु पर्ने धारणा व्यक्त गर्नुभयो । मा. अर्थमन्त्रीज्यूबाट भौतिक पूर्वाधारको लागि आवश्यक पहल गर्न र कार्य सम्पन्न भएका कारागारहरुको पूर्वाधारको हकमा श्रोतको अभाव नहुने धारणा व्यक्त गर्नुभयो । छलफलको अन्त्यमा मा. गृहमन्त्रीज्यूबाट कारागारहरुको भौतिक पूर्वाधार निर्माणमा समन्वयात्मक रुपमा अगाडी बढ्न निर्देशन दिनुहुदै कारागारलाई सुधार गृहको रुपमा विकास गर्न सम्वद्द सरोकारवाला सबैमा आग्रह गर्नुभयो ।

मितिः २०७५/०७/११

रामकृष्ण सुवेदी

प्रवक्ता एवं सहसचिव